# सिम्रौनगढ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पञ्जीकरण शाखा
सिम्रौनगढ, बारा
प्रदेश नं २, नेपाल

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या-२०७८।०७९ मिति-२०७८/०४/२८

चलानी नं- ६८

सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउने सम्बन्धी अत्यन्त जरूरी सूचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली, २०७७ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले चालु आब ०७८/०७९ मा पनि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न भाद्र मसान्त भित्र परिचयपत्र नवीकरण गर्नका लागि सम्बन्धित लाभग्राहीहरूले आ-आफ्नो वडा कार्यालयमा गई परिचयपत्र नवीकरण गराउनु हुनको लागि यो सुचना प्रकाशित गरिएको छ । बालाबालिका, पुर्ण अपाङ्गता भएका, ९० वर्ष माथि वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजका आमा, बुवा , सरक्षक माथवर उपस्थित भई नवीकरण गराउन सक्नेछ ।

<u>आवश्यक कागजातहरू</u>

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- पासपोर्ट साईजको २ प्रति फोटो,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको बैंक खाता नम्बर,
- बालाबलिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी,
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नरेको वडाको सिफारिस,
- सम्वन्ध विच्छेद गरी अर्को विवाह नगरेकी ६० वर्ष माथिको हकमा सम्बन्धविच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस,
- न्यायिक पृथकिकरण गरी बसेका ६० वर्ष माथिका महिलाको हकमा न्यायिक पृथकिकरण भएको प्रमाणपत्र,
- ६० वर्ष माथिका अविवाहित महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस,

<u>नोटः</u>

- तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।
- नवीकरण गर्ने मिति कार्तिक मसान्त सम्म भए तापनि असोज मसान्त अगावै नवीकरण गरिसक्नुहुन अनुरोध छ।

<u>बोधार्थ</u>
श्री सबै वडा कार्यालय,सिम्रौनगढ नगरपालिका, बारा

०८/०४/२२
वीरेन्द्र प्रसाद साह
प्रमुख प्र. अधिकृत

वीरेन्द्र प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत

एम.आई.एस अपरेटर

**Website:www.simraungadhmun.gov.np, Email: Simraungadhmun@gmail.com,**
Email: sgpanjikaran@gmail.com